आइ.एस.एस.एन.: १६८५-४०१२ भाग १ अंक २ एप्रिल-जुन २००२

# स्ट्रिम

क्षेत्रीय जलचर श्रोतहरुको व्यवस्थापनमा सहयोग

## स्ट्रिम जर्नल

## माछा मार्नेहरु र कृषकहरुको जिविकोपार्जन पद्दतिमा सिकाई र संचार

स्ट्रिमका सहयोगीहरु अष्ट्रेलियन सहयोग, विश्व खाद्य संगठन, नाका र भिएसओ

## विषय सुची

स्वरोजगारका लागि माछा भुरा उत्पादनमा कृषकको प्रयास १
रास विहारी वारिक र आशिष कुमार

संभ्कना: लुकेको क्षमताको ३
टेररिएन्स क्लेटोन

प्रक्रिया मापन ५
निक इनस टायलोर

नेपालको नवलपरासी जिल्लाका महिला माछा पालन किसान समुह ८
एस.के.प्रधान

सुक्ष्म विरुवामा आधारित मत्स्य पालनः श्रोतमा गरिव किसानको लागि एउटा दिगो प्रविधि ११
एम ई अजिम, एम ए वाहव, एम सि जे भेरडेजेम, ए ए भान डाम र एम सि एम वेभिरिज

इन्टरनेटको सूचना जानकारीको साँचो उघार्ने : स्ट्रिम माध्यम अनुगमन र मुद्धा पहिचान १३
पाउल बुलकक

## नोट

जव हामीले स्ट्रिम जर्नल १(२) को ६ वटा लेखहरुको अध्ययन विश्लेषण र छलफल गर्‍यौं तव यी लेखहरुले स्ट्रिमले प्रवर्द्धन गर्न खोजेको मत्स्यपालकहरु र माछा मार्नेहरुको जिविकोपार्जन सम्वन्धि सिकाई र संचारलाई समेट्ने खालका पायौं । यसमा एउटा किसानको कथा, संस्थागत इतिहास, आफ्नो कामको अनुगमन, महिलाहरुको सफलताको प्रतिवेदन, मत्स्यपालन तरिका र सूचनामा पहुंच समेटिएका छन् ।

पहिलो लेख रास विहारीले हिन्दीमा लेखेका थिए र त्यसलाई आशिष कुमारले अंग्रेजीमा भाषानुवाद गरि मत्स्य विभागको कार्य दृष्यको रुपमा प्रस्तुत गरे । टेरिएन्स क्लेटोनको योगदानले हामीलाई हाम्रो संस्थाको इतिहासको महत्वलाई बुभ्कन र आलेखहरुले हामीलाई विगतका कुराहरु संभ्कन कसरी सहयोग गर्दछन् भन्ने कुरा संभ्काइ दिएका छन् । २००२, जुन महिनामा स्ट्रिमका साथीहरुले एउटा विचारोतेजक प्रक्रिया अनुगमन र सार्थक परिवर्तन विषयक कार्यशालामा भाग लिएका थिए र यसको नतिजाको रुपमा नेतृत्वदायी वृहत अनुगमन प्रणालीलाई दियो । यस जर्नलको तेस्रो लेख त्यही कार्यशालामा श्रोत व्यक्तिका रुपमा भाग लिएका निकइन्स टायलोरले आफ्नो कार्यपत्रलाई लेखेको रुपमा प्रस्तुत गरेका हुन् । कृषि सूचना तथा संचार केन्द्र स्ट्रिमको नेपालको सहयोगी संस्था हो । यस संस्थाका प्रमुख शुक्र कुमार प्रधानले मत्स्यपालक कृषक समूहले महिलाहरुको जिविकोपार्जनमा पारेको प्रभाव वारे लेखेका छन् । एम.ई.आजिम र उनका साथीहरुले सुक्ष्म विरुवामा आधारित मत्स्यपालनले कृषकको सामाजिक-आर्थिक अवस्थामा पारेको प्रभाव बारेमा प्रकाश पारेका छन् । अन्तिम लेखमा पाउल वुलककले स्ट्रिमको संचार माध्यम अनुगमन र मुद्धा पहिचान गतिविधिलाई उजागर गरेका छन् र यसले पाठकहरुलाई इन्टरनेटमा आधारित केहि प्रविधिहरुवारे जानकारी दिन्छ र यो स्ट्रिमको चाहना पनि हो ।

यो जर्नलको दोश्रो अंक प्रेसमा भैरहेको वेला खमेर र भियतनामी भाषामा स्ट्रिम जर्नल १ (१) को भाषानुवाद भैसकेको छ । संचार केन्द्र प्रमुखहरुले इ-मिटिङमा भाग लिंदैछन् । उनीहरुले कसरी आफ्नो राष्ट्रिय भाषामा स्ट्रिम जर्नललाई तयार गर्ने भन्ने विषयमा छलफल गर्ने छन् । जस्तैः "कम्पोचिया र भियतनाममा जलचर व्यवस्थापन समुदाय" । हामीले हाम्रो भि.एस.ओ.(VSO) साथीहरुबाट स्ट्रिम जर्नलको प्रथम प्रकाशनका लेखहरुका बारेमा प्रतिक्रिया प्राप्त गरेका छौं । वेन्यामिन र भिएसओ(VSO) तरिकाका वारे बढी जानकारी पठाइदिन रोनेट सान्टोसले अनुरोधपत्र पाएका छन् ।

Graham Haylor, STREAM Director -ग्राहम हेलर, स्ट्रिम निर्देशक_
William Savage STRESM Journal Editor -विलियम स्याभेज, स्ट्रिम जर्नल सम्पादक_

# स्वरोजगारका लागि माछा भुरा उत्पादनमा कृषकको प्रयास

रास विहारी वारिक र आशिष कुमार

## अवस्थाः

झारखण्ड भरखरै मात्र विहार प्रान्तबाट छुट्टिएर बनेको एउटा नयाँ जातिय (tribal) प्रान्त हो । यसको ग्रामिण क्षेत्रमा पहाड जंगल, रिर्जरभ्वार र पोखरीहरु पाइन्छ । मुख्य मुख्य कार्प माछाहरुको लागि प्राकृतिक प्रजनन स्थानको अभाव भएकाले झारखण्ड प्रान्तका कृषकहरुका लागि गुणस्तरिय माछा भुराको सधैं अभाव भै रहेको छ । यहाँका कृषकहरु र मत्स्य विभागले विहारका नदीहरु कोशी, सोनी र गंगामा प्राकृतिक रुपमा माछा भुरा बढी उत्पादन भएका वेला त्यहाँबाट माछा भुरा झिकेर लिन्थे र पछि उत्तरी विहारबाट भुरा ल्याउने गर्दथे । तर आज भोलि त्यहां पनि माछाका भुरा पाउन गाह्रो भएकाले पश्चिम वंगालका माछा प्रजनन केन्द्रहरुबाट माछा भुरा ल्याउने गरिएको छ । विभिन्न यातायातका साधनद्धारा पश्चिम वंगालबाट माछाका भुरा लाखौंका संख्यामा झारखण्ड ल्याइन्छ र यस वापत लाखौं रुपिया पश्चिम वंगालका कृषकहरुकोमा पुग्दछ । झारखण्डको मत्स्य विभागले मत्स्य ह्याचरीहरुको संचालन गरेर कृषकहरुलाई माछा भुरा उपलब्ध गराउन थाले पनि यस प्रान्तमा भएको जल क्षेत्रलाई पुग्ने माछा भुरा उत्पादन गर्न यो कार्यलाई वृहत रुपमा लानु पर्ने देखिन्छ । हाल पनि ४५-५० प्रतिशत जलक्षेत्र माछा भुराको अभाव, आर्थिक कठिनाई र कृषकहरुमा मत्स्य पालनबाट फाईदा लिन सकिन्छ भन्ने थाहा नहुंदा माछा पालन कार्यमा प्रयोग गर्न सकिएको छैन ।

एक कृषकको प्रयास :

रास विहारी वाराइक झारखण्ड प्रान्त रांन्ची जिल्लाको छहोटा चाङ्गरु गाउंका एकजना आदीवासी कृषक हुन् । उनी यही गाउँमा जन्मेका थिए र उनी पाँच वर्षको हुँदा उनकी आमाको मृत्यु भएको थियो । उनका वावु ज्यादै गरीव थिए । त्यो परिवारलाई विहान वेलुका खानको पनि समस्या थियो । यस्तै गरी अरु आदीवासी कृषकहरुको अवस्था पनि खराव नै थियो । उनीहरुले आफ्नो जमिन छिमेकी गाउँका धनी कृषकहरुलाई वेच्नु पऱ्यो र जीउनको लागि अरुको घर छाउने र खेतीवाली थन्क्याउने गर्नुपऱ्यो । सानै देखि रास विहारीलाई यो अवस्थाको जानकारी थियो र आफू र आफ्नो जातीलाई भोकले मर्नबाट बचाउन केही गर्नुपर्छ भन्ने उनले सोचेका थिए । पश्चिम वंगालको नजिकै रहेको सिलीबाट माछा भुरा ल्याएर विहारमा बेच्नेहरुको कामले रास विहारीका पिता मोतिलाल वाराइकलाई आर्कषित गऱ्यो र उनले पनि पश्चिम वंगालको पुरुलिया र झालडा जिल्लाबाट माछा भुरा ल्याएर सिली क्षेत्रका पोखरी भएका कृषकहरुलाई बेच्ने काम शुरु गरेका थिए । रास विहारीले आफ्ना पिताको कार्यमा सहयोग गरे । यसै कामको सिलसिलामा उनी पुरुलियाका माछा भुरा उत्पादक कृषकहरुलाई भेट्न पुगे । त्यसपछि उनी माछा ह्याचरी भएका हौरवा र लिलुवमा पनि पुगे । यसले उनलाई माछाका साना भुरा (स्पाउन) लाई हुर्काएर माछा भुरा तयार गरि वेच्ने तर्फ सोचाई विकास गर्न सहयोग गऱ्यो ।

## शुरुवातः

बान्कुरा र लिलुवाको भ्रमण र लिलुवाका श्यामल विश्वास, जसले यो व्यवसाय चलाइ रहेका थिए, संग प्रारम्भिक तालिम लिएर रास विहारीले माछा भुरा उत्पादन व्यवसाय शुरु गरे यसबाट उनको गाउंमा पनि माछाका साना भुराबाट अलि ठुला औंला आकारका भुरा बनाएर नजिकका पोखरी भएकाहरुलाई बेचेर फाइदा लिन सकिन्छ भन्ने उनलाई महसुस भयो । तर यसमा उनलाई पोखरीको समस्या थियो ।

## सरकारी सहयोग

मत्स्य कृषक विकास संस्थाले छहोटा चाङ्गरुको एउटा पोखरी दश वर्षको लागि करारमा रास विहारीका पितालाई उपलब्ध गराएर पोखरीको समस्यालाई हल गरिदियो । बाबुछोरा दुवै मिलेर पश्चिम वंगालको वान्कुराबाट माछाका स्पाउन ल्याएर माछा भुरा उत्पादन व्यवसाय शुरु गरेका थिए । उनीहरुले औंला आकार भुरा बनाएर अन्य माछापालक कृषकहरुलाई वेच्न थाले । रास विहारीले वेचेका माछा भुरा राम्रोसंग बढने भएकाले अरु कृषकहरुले मन पराए र उनीहरु त्यस क्षेत्रमा परिचित भए । यसले गर्दा उनले अर्को वर्ष दुई पटक माछा भुरा उत्पादन गर्न थाले र यसका लागि आफ्ना छिमेकीहरुलाई ज्याला दिएर काममा लगाउन थाले । यसले गर्दा गाउँलेहरुलाई पनि कामको खोजीमा अन्य क्षेत्रमा जान परेन । केहि वर्ष पछि मत्स्य कृषक विकास

संस्थाले रास विहारीलाई दश वर्षको लागि अर्को पोखरी उपलब्ध गरायो र दुईटा नर्सरी पोखरी आफ्नो जग्गामा खन्नको लागि उनलाई मत्स्य विभागले सहयोग गऱ्यो । यसका साथै पहिलो वर्षको लागि माछा स्पाउन, जालीहरु र दाना समेत उनलाई उपलब्ध गराइयो ।



रास विहारी वाराइक(दायाँ) र आषिष कुमार (बीचमा) छहोटा चाङ्गरु गाउँको एउटा पोखरी छेउमा गाउँलेहरुसंग

## वर्तमान अवस्था :

अहिले रास विहारीसंग माछा भुरा ढुवानी गर्न आफ्नै एउटा सानो ट्रक छ र दुइवटा माछा भुरा राख्ने भांडो पनि छ । यसले गर्दा उनले आफ्नो पोखरीमा हुर्किएका माछा भुरा झारखण्ड र छहाट्टीग्राह प्रान्तमा पनि बेच्न सक्छन् । माछा भुरा उत्पादन र विक्रि गर्ने मौसममा उनले आफ्नो गाउंका ५०–६० जनालाई माछा भुरा समात्ने, दाना दिने, ढुवानी गर्ने र सुरक्षा गर्ने कार्यमा लगाएका छन् । आफ्नो सवै खर्च कटाएर भा.रु. ७५,००० देखि १,००,००० सम्म वार्षिक रुपमा कमाइरहेका छन् । यसका साथै उनले पश्चिम वंगालमा पोखरीहरु भाडामा लिएर माछाभुरा उत्पादन गरि नाफा कमाइरहेका पनि छन् । आफ्नो छोरालाई क्याम्पस पढ्न रांन्ची पठाएका छन् । उनले गर्दा उनका गाउँलेहरुको समेत रोजी रोटी प्राप्त गर्न सकेका छन् । रास विहारी आज गाउँको नायक बनेका छन् ।

## उनको भविष्यको योजना

यति हुंदा हुंदै पनि रास विहारी सन्तुष्ट छैनन् । उनको योजना आफ्नै ह्याचरी निर्माण गरि धेरै माछा भुरा उत्पादन गर्ने रहेको छ । जत्रोसुकै फार्म पनि संचालन गर्न सक्छु भन्ने आत्मविश्वास उनमा रहेको छ ।

रास विहारी वाराइक, भारत,रान्ची झारखण्डका कृषक हुन् । आषिष कुमार उप–महानिर्देशक मत्स्य झारखण्ड प्रान्त, इमेल ashishkumar-1in@yahoo.com

# संझनाः लुकेको क्षमताको

टेररिन्स कलेटन*

## संस्थागत प्रश्नहरु

यदि तपाई कुनै संस्थामा काम गर्दै हुनुहुन्छ वा पहिले काम गर्नु भएको थियो भने त्यस विषयमा एक पटक सोच्नुहोस् त्यो संस्था कसरी शुरु भयो ? यसको शुरुको दृष्टिकोण (Vision) के थियो ? यसको इतिहासका महत्वपुर्ण घटनाहरु के के हुन् ? कति जना मानिसले यसमा काम गरेका थिए वा यसको स्थापना देखि काम गरिरहेछन् ? ती मानिसहरु अहिले कहां छन् ?

विगत केहि वर्षहरु देखि म विभिन्न संस्थाहरुमा कार्य गरिरहेछु र तीमध्ये केहीमा केवल विगत वर्ष वा दुई वर्षको आफ्नो गतिविधिलाई मात्र संझने क्षमतालाई देखेर म आश्चर्यमा परेको छु । यो किन हुन्छ र यसको त्यति धेरै महत्व किन छ ? यस्ता प्रश्न मनमा आउनु स्वभाविक हुन्छ ।

## इतिहास एउटा श्रोत

संस्थाको इतिहासलाई एउटा उपयोग गर्न नसकेको श्रोतको रुपमा सोच्न सकिन्छ । पहिले संस्थामा काम गरेका मानिसहरुसंग सम्पर्क कायम गर्नाले साथीहरु र सहयोगीहरुको संजाल निर्माण गर्न सकिन्छ । उनीहरुलाई संस्थाको समाचार पत्र वा नयां वर्षको शुभकामना पठाउनाले संस्थाको पत्राचार सूचीलाई उपयुक्त र दुरुस्त बनाउन मद्दत गर्दछ । दश वर्ष पहिले नदी पर्यावरण विषयको गोष्ठिमा भाग लिएका एक जना सरकारी अधिकृतले हालसम्म पनि संस्थाको समाचार पत्र पाइरहेका छन् । यसबाट उनी निकै प्रभावित भैरहेका छन् र यदि यो क्षेत्रमा उनको सहयोगको कुनै आवश्यकता परेमा उनले निश्चय नै त्यो वेला सहयोग गर्नेछन् । एउटा संस्थालाई यसको रेकर्ड व्यवथापन गर्न सहयोग गर्ने सिलसिलामा मैले के पत्ता लगाए भने तिनिहरुले एक पटक काम गरेको देशमा राष्ट्रिय वातावरण समिति थियो । त्यस बेला जो मानिसहरु तल्लो तहका अधिकृत थिए ती आज महा–निर्देशक र सहायक मन्त्री भैसकेका छन् तर दुर्भाग्य त्यो समिति र ती उच्च ओहदामा पुगी सकेका व्यक्तिसंग सम्पर्क गर्ने र संझने यो संस्थामा कोही पनि थिएन । एउटा विश्व विद्यालयको एल्मुनाई एसोसियसन हुन्छ भने एउटा विकास संस्थाको किन नहुने ?

## दस्तावेजहरु र संचय

मैले काम गरेका संस्थाहरु मध्ये केहीले मात्र आफ्ना दस्तावेजहरुलाई राम्रो रेखदेख पुऱ्याएको पाएँ । धेरै जसोले केही मात्रामा सामान्य फाइल गरेर राखेका थिए । तर हाल सम्म पनि मैले काम गरेको एउटा संस्थामा भने व्यवस्थित रुपमा दस्तावेजहरुको व्यवस्थापन गर्ने नीतिगत व्यवस्था नै छ । यस दस्तावेज व्यवस्थापन नीतिले त्यहाँ कार्यरत व्यक्तिलाई आफ्नो टेवलमा आउने रेकर्डलाई के गर्ने, कसरी फाइल गर्ने, कति समय यसलाई सक्रिय फाइलको रुपमा राख्ने, एक वर्ष, दुई वर्ष वा दश वर्षपछि यसलाई के गर्ने आदि स्पष्ट रुपमा दर्शाएको हुन्छ । जुन संस्थाको कर्मचारीहरु बढी सरुवा हुने वा छोड्ने वा छोटो समयका लागि परामर्शदाता लिने गरिन्छ ती संस्थामा दस्तावेजहरुको संचय गर्नु पर्ने आवश्यकता झन बढी हुन्छ । सधैं संस्था छोड्ने कर्मचारी वा परामर्शदाताहरुले थुप्रो किताव र कागजातहरु छोडेका हुन्छन्, राम्रो रेकर्ड व्यवस्थापन नभएमा अर्को व्यक्तिले त्यसलाई एक ठाउंमा लगेर थुपारी दिन्छ । मैले कति सम्म देखेको छु भने यस्तो संचय एक मिटर अग्लो सम्म रहेको छ । तपाईले हरेकलाई राम्रोसंग छनोट नगरि तिनीहरुलाई हटाउन सक्नुहुन्न किन की त्यहाँ के के जानकारी छ भन्ने तपाईंलाई थाहा नै हुंदैन ।

## पुरै कथा

एउटा संस्थाले गरेको हरेक काममा एउटा इतिहास हुन्छ । एउटा निश्चित समयमा विभिन्न व्यक्तिहरु वा समूहले मिलेर एउटा काम सम्पन्न गरेका हुन्छन् । सल्लाहका लागि परामर्शदाताहरु लिएको हुन्छ, वाह्य संस्थाहरुसंग सम्पर्क गर्ने, चिठी र इमेलहरु आदान प्रदान, सम्झौतापत्रहरु तयारी गर्ने, सम्झौता गर्ने काम एउटा

---

* विकास संचार र क्षमता विकासका स्वतन्त्र सम्पादक,अनुसन्धानकर्ता र परामर्शदाता, इमेल k1kook@hotmail.com or davidjohnclayton@hotmail.com

संस्था भित्र भैरहेका हुन्छन् । समस्याहरु आउने र समाधान हुने प्रक्रिया पनि भैरहेको हुन्छ । कति संस्थाहरुले यस्ता गतिविधिहरुका रेकर्डलाई राम्रोसंग छिटो संझन सक्छन् ? तिनीहरुले किन सम्झन चाहान्छन् ? किन भने यसले  मानिसहरुमा आत्मविश्वास पैदा गराउँछ ।

मलाई एउटा काम दिइएको थियो जसमा श्रृंखलावद्ध राष्ट्रिय र क्षेत्रीय कार्यशाला गोष्ठि व्यवस्थित गर्न एउटा परामर्शदाता टोलीलाई सहयोग गर्नु थियो । यो टोलीले एउटा निर्देशिका तयार गर्दै थियो । शुरुमा यस्तै कार्य कसैले गरेको थियो की भनेर  खोजी  कार्य भयो । भाग्यवस यो संस्थाको दस्तावेज केन्द्र व्यवस्थित थियो र हामीले खोज्दै जाँदा एउटा आयोजनाको इतिहास, जुन १९८२ भन्दा पहिले देखि थियो, तुरुन्तै लेख्न सक्यौं । यसबाट यो आयोजनाका विषयमा धेरै नै कार्य पहिले नै भएको देखेर मानिसहरु आश्चर्यमा परे । यसले आयोजनाको ऐतिहासिक धरातलमा नयां आयाम पनि थपि दियो र धेरै महत्वपूर्ण प्रश्नहरु उठाउन सकियो । के यो सम्भव छ कि संस्थाहरुले आफूले परामर्शदाताहरुलाई तिरेको पैसाको मुल्य बढी प्राप्त गर्न सक्छन् यदि तिनीहरुले माथि उल्लेख गरे जस्तो संस्थाको इतिहासहरु परामर्शदाता आउनु भन्दा अघि नै उपलव्ध गराइयो भने ? आफ्नो दुई वा तीन महिनाको लगानी भन्दा उनीहरुको कामले एउटा इतिहास बनाउन मद्दत गरिरहेछ भन्दा के मानिसहरुमा बढी सन्तोष हुन्छ र ?

## संस्थागत विर्साइपन

संझने क्षमतालाई कहिलेकाहिं मात्र विस्तृत रुपमा आदान प्रदान गरिनाले संस्थाहरु विर्सिइन्छन् र वस्तुहरु हराइन्छन् । हरेक संस्थामा यसमा शुरु देखि काम गर्ने व्यक्तिहरु हुन्छन् जसले सवै कुरा सम्झन सक्छन् र यसका साथै थुप्रै पुराना दस्तावेजहरु र फोटोहरु हुन्छन् । जवसम्म तपाईसंग उनीहरु काम गरिरहेका हुन्छन् त्यसवेला सम्म उनीहरुसंग जानकारीहरु हासिल गर्न सकिन्छ । मैले काम गरेको एउटा संस्थामा १०० जना भन्दा बढी कर्मचारीहरु थिए तर ती मध्ये छ जना मात्र सात वर्ष भन्दा अघि देखि लगातार यो संस्थामा काम गरिरहेका थिए । इतिहास वारे जान्ने मान्छे हुंदा हुंदै पनि नयां कर्मचारीहरुले धेरै समय संस्थाको इतिहास बुझ्नमा खर्च गर्दछन् ।

एउटा पेशागत रेकर्ड व्यवस्थापन प्रणाली नै संस्थागत सम्झनाको आधार हुन्छ । यदि तपाईलाई कहांबाट शुरु गर्ने भन्ने थाहा छैन भने इन्टरनेटको खोज्ने इन्जिनमा रेकर्ड व्यबस्थापन  लेख्नुहोस तुरुन्तै यस सम्बन्धि जानकारीहरु प्राप्त गर्न सक्नुहुन्छ । कम्प्युटर सफ्टवेयरको प्रयोग वा राम्रो प्रणालीगत विश्लेषण गरेर रेकर्ड व्यस्थापनको शुरु गर्नु पर्ने आवश्यकता छैन । एउटा सम्झनुपर्ने कुरा के छ भने तपाईको रेकर्ड व्यवस्थापन जहां छ त्यहींबाट शुरु गर्न सकिन्छ ।

## एउटा जिवित संस्थागत इतिहास

तपाईका दस्तावेजहरुलाई राम्रोसंग राख्नु शुरुवातको कार्य भए पनि यसले नै संस्थाको जीवित इतिहास तयार गर्न सम्पूर्णता प्रदान गर्न सक्दैन । राम्रोसंग फोटोहरु संकलन पनि गर्नुपर्ने हुन्छ । यसमा संस्थामा भएका सबैले कसले, के, कहां, कहिले र किन फोटोहरु खिचेको हो त्यसको विस्तृत रुपमा राम्रो रेकर्ड राख्नु पर्ने हुन्छ । यि कुराहरु हुन नसकेमा सवै भन्दा राम्रोसंग लिएका फोटोहरु पनि  प्रदर्शन गर्न वा पुस्तकहरुमा प्रकाशित गर्न काम नलाग्ने हुन्छन् । फोटोहरु यदि प्रदर्शित गरिंदैनन् भने त्यसको उपयोग हुंदैन । मैले काम गरेको संस्थामा विभिन्न गतिविधिलाई झल्काउने फोटो प्रदर्शन गर्ने वोर्ड रहेको छ यसको साथै सधैं प्रदर्शित भैरहने फोटोहरु जसले संस्थाको इतिहासलाई दर्शाइरहेका पनि छन् । प्रथम पटक त्यो संस्थामा आउने आगन्तुकमा यि फोटोहरुले के कस्तो प्रभाव पार्दछन् हामीले कल्पना गर्न सक्दछौं ।

तपाईको आफ्नो संस्थाको इतिहास लेख्न शुरु गर्नुहोस् । एउटा संस्थाको ५० वर्षको इतिहासलाई मैले जनसम्पर्क अधिकृतको सहयोगले तीन पन्नामा तयार गर्न सके । संस्थाको परिचय पुस्तिका र वेवसाइट संचारका महत्वपूर्ण साधन हुन सक्छन् तर कथा वा इतिहास भन्ने प्रक्रिया पनि उत्तिकै महत्वपूर्ण छन् । यसले हामीलाई महत्वपूर्ण घटनाहरु, ऐतिहासिक दस्तावेजहरु र फोटोहरु, र प्रदर्शनका महत्वपूर्ण विचारहरु वीचका कमीहरुलाई पत्ता लगाउन मद्दत गर्दछ ।

धेरै जसो हामी व्यस्त भएकाले विगतका विषयहरुलाई दैनिक घटनाहरुमा आवद्ध गर्ने र भविष्यलाई योजनावद्ध गर्न असमर्थ भैरहेका छौं । एउटा संस्थाको विगतलाई राम्रोसंग संझन नसक्दा यसको भविष्य बनाउने आधार कमजोर भैरहेको छ जुन कुरा दुर्भाग्यपूर्ण पनि छ । केही सामान्य प्रणाली र प्रक्रियामा सामान्य सुधारबाट धेरै जसो संस्थाले यसको इतिहासबाट महत्वपूर्ण फाइदा लिन सक्दछन् ।

# प्रक्रिया मापन

निक इनस टायलोर

यो लेखले विकास प्रक्रियाको मापनको महत्वलाई दर्शाउन खोजेको छ । यसले प्रक्रिया मापनलाई सहभागितात्मक विकाससंग कसरी आवद्ध गर्न सकिन्छ भनि केही मार्ग निर्देशन गरेको छ । विकासको प्रक्रिया मापनले विकासवादी संस्थाहरुको सफलतालाई जांच्न सहयोग गर्नुका साथै उनीहरुको प्रभावकारीता कसरी वढाउन सकिन्छ भनी सिक्न र सुधार गर्न सहयोग गर्दछ । प्रक्रिया मापनले सरोकारवालाहरुको सहभागितालाई प्रोत्साहन गर्न र सजिलो पार्न केन्द्रिय भूमिका खेल्दछ ।

## अनुगमन र मुल्यांकन देखि प्रक्रिया अनुगमन सम्म

एउटा शशक्त अनुगमन र मुल्यांकन पद्धति आफैंमा उत्पादनमुलक हुन्छ भन्ने महसुस भएपछि विकास गतिविधिको अनुगमन र मुल्यांकनले बढी नै ध्यान आकर्षण गर्न सफल भएको छ । विकासले सामाजिक आर्थिक सांस्कृतिक र राजनैतिक क्षेत्रका जटिल मुद्धाहरुलाई समेट्नु पर्दछ । विकासलाई कसरी परिमाणात्मक बनाउने र मापन गर्ने भन्ने विषयमा निकै नै प्रगति हासिल गरिएको छ । अनुगमन र मुल्यांकन प्रक्रियाका एक अंशको रुपमा विकासका लाभकर्ताहरुलाई अनुगमन–मुल्यांकनमा सहभागी गराउनुलाई स्विकार गरिएको छ । यसलाई एउटा सकारात्मक रुपमा लिंदा लिंदै पनि अनुगमन र मुल्यांकन प्रणालीलाई अझ विकास गरि जटिल विकास प्रक्रियालाई सरल बनाउने र प्रभावको जांचलाई जोड दिनु पर्ने तर्फ सबैको चाहाना रहेको छ । विकासको प्रभावलाई आधार रेखा मानेर यसलाई नाप्ने चाहानालाई बुझ्न त सकिन्छ तर यो सरल पारिएको पद्धतिको पनि कमजोरीहरु रहेका छन् । विकास प्रक्रियाको केवल अन्त (प्रभाव) लाई मात्र हेर्नाले उपयुक्त मुद्धाहरु, प्रभावित र परिमाणात्मकतालाई जांच्न अप्ठ्यारो पर्दछ ।

एउटा समस्या के छ भने विकासको प्रभावको तथ्यांक संकलन गर्न गाह्रो र महङ्गो पर्दछ । लाभकर्ताहरुको सामाजिक, सांस्कृतिक र राजनैतिक वातावरण वा प्राकृतिक वातावरणमा भएको परिवर्तनका तथ्यांक प्राप्त गर्न र व्याख्या गर्न प्रायः अप्ठ्यारो हुन्छ । त्यस्ता तथ्यांक संकलन र विश्लेषण गर्ने कार्यलाई बढी लगानी गर्नुपर्ने र बढी मानवीय संसाधनको आवश्यकता पर्नाले प्रमाणित गर्न सकिंदैन । विकासवादी संस्थाका अनुगमन र मुल्यांकन प्रणालीमा विकास प्रक्रियाको अन्तको मुल्यांकनलाई बढी जोड दिनाले अरु प्रक्रियाहरुमा कम मात्र ध्यान दिइन्छ । जुन संस्थाहरुले दिगो विकासलाई प्रवर्द्धन गर्न चाहान्छन् ,तिनीहरुको लागि यो एउटा समस्या नै हो जसलाई हासिल गर्न सम्पूर्ण विकास प्रक्रिया, जसमा संस्थाहरु र व्यक्तिहरुले कसरी परिवर्तनलाई ग्रहण गर्ने भन्ने सिक्दछन्, को अनुगमन गर्नु आवश्यक हुन्छ ।

विकास प्रक्रियाको अन्तमा अनुगमन र मुल्यांकन गर्ने प्रणालीलाई बढी जोड दिंदा अर्को के समस्या पनि देखा पर्दछ भने यसले के रहेको थियो भन्नेमा बढी बढाईं चढाई गर्छ तर कसरी यो प्राप्त गरियो भन्नेलाई ज्यादै कम महत्व दिन्छ । यदि विकास कसरी गरिन्छ भन्नेमा जोड दिएको अवस्थामा समाजका गरिवहरुलाई सहयोग गर्न भनेर गरिएका प्रयासहरुको उपलव्धी भने बढी नै वास्तविकतामा आधारित हुन सक्छ । कसरी र के को विकास गर्ने भन्ने कुरा उत्तिकै महत्वपूर्ण भएकाले अनुगमन र मुल्यांकन प्रणालीले पुरै विकास प्रक्रियालाई मापन गर्न सक्नु पर्दछ । प्रक्रिया अनुगमनले विकासको प्रभावको मात्र जानकारी नदिएर यसले जसका लागि विकास प्रक्रिया शुरु गरिएको हो त्यहां यो कार्य गर्नुको औचित्यता, तिव्रता र प्रभावीपनको समेत जानकारी प्रदान गर्दछ ।

## फाइदाहरु : सहभागिता, लचकता, जवाफदेहिता र पारदर्शिता

प्रक्रिया अनुगमनका फाइदाहरु तुलनात्मक रुपमा सफा देखिएता पनि विकासको प्रक्रिया मापनलाई अझै विस्तृत रुपमा स्विकार्ने र ग्रहण गर्ने काम हुन सकेको छैन । धेरै मानिसले विकासको प्रक्रियालाई पहिले नै स्थिापित, एकरुपता भएको कार्यान्वयन गर्नुभन्दा पहिले नै निर्दिष्ट गराइने वस्तुको रुपमा लिन्छन् र जति विस्तृत रुपमा निर्दिष्ट गरिएको हुन्छ त्यति सफलता मिल्ने संभावना बढी हुन्छ भनेर बुझ्दछन् । यस अवस्थामा विकास प्रक्रिया अनुगमनले केवल तयार निर्देशनहरुलाई राम्रोसंग अनुसरण गरियो वा गरिएन भनेर हेर्नु बाहेक बढी महत्व पाउन सक्दैन । विकास कर्ताहरु,जसले तयारी निर्देशनहरुलाई अनुसरण गरिरहेका हुन्छन्, विकास प्रक्रिया अनुगमन पनि उनीहरुले गरि आएको कामको अर्को नाम मात्र हो भनेर दोषारोपण गर्दछन् ।

प्रक्रिया अनुगमन पद्धतिको फाइदाहरु त्यतिखेर मात्र राम्रोसंग देख्न सकिन्छ जतिवेला विकासको कार्यान्व्यनमा सहभागिता र लचकता हुन्छ र दाता वा उनीहरुका प्रतिनिधिले तयारी निर्देशन दिनुका सट्टा उद्देश्य, योजना र तरिकाहरु सरोकारवालाहरुले नै छलफल गरेर तयार गर्दछन् । जव विकासको कार्यान्वयनको जिम्मेवारी स्पष्ट रुपमा स्थानीय समुदायलाई दिइन्छ तव विकास गतिविधि कार्यान्वयनको प्रक्रिया अनुगमन बढी जानकारीमुलक र खर्चमा प्रभावकारी हुन्छ ।

स्थानीय समुदाय र सरकारी पदाधिकारीहरु  मिलेर प्रक्रियाका सुचांकहरु धेरै सजिलोसंग तयार गर्न सक्दछन् । स्थानीय व्यवस्थापकहरुले जवाफदेहिपनको विकास गरि पारदर्शी तवरमा कार्यान्वयन गर्दछन् । कसरी कामहरु सम्पन्न गर्न सकिन्छ भनि बढी वुझ्नाले एक आपसमा विश्वासको वातारण विकास हुन्छ र यसले  अधिकार प्रत्यायोजनलाई बढाउंदछ । पारदर्शिताको अभावमा विकासवादी संस्थाहरु स्थानीय तहमा व्यवस्थापनको जिम्मेवारी सुम्पन हिचकिचाउंछन् जसले गर्दा सरोकारवालाहरुको सहभागिता कम हुन्छ । त्यसकारण प्रक्रिया मापनलाई शशक्त सहभागिता विकासको सहयोगीको रुपमा लिन सकिन्छ ।

## सिकेको पाठ

प्रान्तिय र जिल्ला स्तरिय सरकारी संस्थाहरुलाई प्रक्रिया उन्मुख अनुगमन र मुल्यांकन प्रणालीको शुरुवात गर्न सहयोग गर्दाको अनुभवको आधारमा सिकेको पाठहरुलाई उल्लेख गरिंदैछ ।

## भैरहेको अनुगमन प्रणालीबाट नै कार्य शुरु

प्रक्रिया अनुगमन प्रणालीले शशक्त रुपमा कार्य गर्न तिनीहरुमा स्थानीय स्वामित्वपन र सहभागिताको आवश्यकता पर्दछ । धेरै जसो अवस्थामा विकास मापन तरिकाहरु स्थापित भएपनि यो प्रणाली र यसका सुचांकहरु अनौपचारिक र अलिखित रुपमा रहेका छन् । यहां यि प्रणालीहरुलाई बुझ्नु र यसबाट नयां प्रणालीको विकास गर्नु महत्वपूर्ण हुन्छ । यसले गर्दा संस्थाहरुलाई नयां तरिकावाट अधिकार र जिम्मेवारी प्रत्यायोजन गर्न र सरोकारवालाहरुको सहभागितालाई बढाउन सहयोग गर्दछ ।

## सरोकारवालाहरुलाई अनुगमन प्रणालीबारे शिक्षित बनाउनु

- धेरै भन्दा धेरै सरोकारवालाहरुले आफू सहभागी हुने अनुगमन प्रणालीको वारेमा बुझ्नु जरुरी हुन्छ । यसले प्रणालीको प्रभावकारितामा सुधार गर्न सहयोग पुग्नुको साथै सुचांकहरु र उद्देश्यहरुलाई सवैले बुझ्न मद्दत पुग्दछ ।
- सरोकारवालाहरुलाई प्रक्रिया सुचांकहरुवारे बुझाउन समय दिनुका साथै प्रयास पनि गर्नुपर्दछ । तपाईंले प्रभाव सुचांकहरुवारे तालिम लिनुभएको छ वा यसैमा काम गरिरहनु भएको छ भने प्रक्रिया मापनलाई सजिलोसंग बुझ्न सक्नु हुन्न ।

## सुचांकहरुलाई नियमित अध्ययन र परिमार्जन गर्ने प्रणालीको आवश्यकता

- यो कार्य गर्नको लागि सुचांकहरुको नियमित रुपमा अध्ययन गरि परिमार्जन गर्नु आवश्यक हुन्छ । सुचांकहरुको व्यवस्थापन (तालिकाबद्ध सुचांकको पुर्नविचार वा तथ्यांकको सारांश र प्रस्तुति) र सुचांकको प्रतिवेदन तयार गर्न जिम्मेवारी तोक्नुपर्छ । सुचांकहरुको रेकर्ड राख्ने, आवश्यक पर्दा तुरुन्त प्राप्त गर्ने र प्रतिवेदन तयार गर्ने एउटा प्रणालीको विकास गर्नुपर्छ ।
- सुचांकहरुको व्याख्या लिखित रुपमा राख्नुपर्छ र नियमित रुपमा अध्ययन र पुनर्विचार गर्नुपर्छ । सवै सुचांकको वाक्यहरुमा विस्तृत रुपमा परिमाण, गुणस्तर र समय सिमाको विवरण हुनुपर्दछ र विशेष ध्यान चाहिं गुणस्तरको व्याख्यामा पुऱ्याउनु पर्दछ ।
- अनुगमन प्रणालीको विकास गर्दै गर्दा सुचांकहरुको विकास गर्ने क्षमता पनि विकास गर्नुपर्दछ ।

## अनुगमनमा बढी र मुल्यांकनमा कम ध्यान देउ

लगातार आन्तरिक रुपमा मुल्यांकन र पुनर्विचार गर्ने प्रक्रियालाई प्रोत्साहन गर्ने गरि प्रक्रिया अनुगमन प्रणालीलाई विकास गर्नुपर्छ । मुल्यांकन कर्ताले सजिलैसंग यो प्रणालीलाई विकास गर्नुपर्छ । मुल्यांकन कर्ताले सजिलैसंग यो प्रणालीमा प्रवेश गर्न सक्ने तरिकाहरु पत्ता लगाउनुपर्छ तर औपचारिक मुल्यांकन पनि गर्नु आवश्यक हुन्छ । नत्र उनीहरुले अरु मानिसलाई आतंकित गराउन सक्छन् ।

## सानो कुराहरुको मापन

राम्रो प्रक्रिया सुचांकहरु मापन गर्न सरल र कम खर्चिला हुन्छन् । प्रक्रियाका सुचांहरुको विकास गरिरहदाँ मानिसहरुलाई आफ्नो कार्य समयमा गरिने काम मध्ये साधारण कार्यहरु, जसलाई जांच्न सजिलो हुन्छन्, पत्ता लगाउन प्रोत्साहित गर्नुपर्छ र विकास कार्यहरुले आशा गरे अनुरुप कार्य गरे नगरेको स्पष्टसंग देखाउन सक्नुपर्छ । विकासको शुरुवात देखि प्रभाव हेर्ने अवस्था सम्मका प्रक्रियाको मापन गर्नुपर्छ ।

निक इन्स टायलोर विकास सल्लाहकार हुनु हुन्छ र थाइल्याण्ड लाओस र भियतनामका जलचर श्रोतहरु व्यवस्थापन संस्थाहरुसंग आवद्ध हुन हुन्छ । उहाँको इमेल nick@udon.loxinfo.co.th

# नेपालको नवलपरासी जिल्लाका महिला माछा पालन किसान समुह

शुक्र कुमार प्रधान

## समुह गठन

श्री ५ को सरकारले सन् १९९१ देखि कृषि प्रसारमा समुह गठनको धारणा लागु गरे यता देशका विभिन्न जिल्लाहरुमा धेरै कृषक समुहहरु गठन भैसकेका छन् । यि मध्ये कतिपय समुहहरु कृषकहरु आफैले उत्पादन गरेका बस्तुमा आधारित भई गठन भएका छन् भने, अन्यमा महिला, पुरुष र मिश्रित समुहहरु पनि छन् ।

नवलपरासी जिल्लामा २०२ वटा सामुदायिक पोखरी र ९ वटा घोलमा माछा पालन गर्नको लागि विभिन्न महिला माछा पालन समुहहरु गठन गरिएका छन् । जिल्ला कृषि विकास कार्यालय नवलपरासीले माछा प्रसार कार्यक्रम अन्तर्गत सन् १९९५ मा पहिलो माछा पालन महिला समुह गठन गरि आय आर्जन कार्यको थालनी गऱ्यो । सन् १९९७ सम्म आइपुग्दा गठन भएका सात वटा समुहको सफलताले अन्य समुह गठनको लागि प्रेरणाको काम गऱ्यो जसको फलस्वरुप हाल यस क्षेत्रमा तीस भन्दा बढी माछा पालन समुहहरु गठन भैसकेका छन् र त्यसमा ६ सय भन्दा बढी महिलाहरु आबद्ध छन् र यस संख्यामा प्रत्येक घरबाट एउटा महिलाको प्रतिनिधित्व छ

## समुहको उद्देश्य र कृयाकलापहरु (Group objectives and Activities)

### महिला माछा पालन समुहका उद्देश्यहरु निम्न अनुसार छन्

- महिला कृषकहरुलाई सशक्त बनाउने
- स्थानीय श्रोत र साधनलाई बढी भन्दा बढी उपयोग गर्ने
- गरिव र जग्गा बिहिन ग्रामिण महिला किसानहरुको सामाजिक आर्थिक क्षेत्रमा परिवर्तन ल्याउने
- गाउँलेहरुकै सामुदायिक पोखरीबाट बढी भन्दा बढी माछा उत्पादन गर्ने
- महिला कृषकहरुलाई आधुनिक माछा पालनको लागि तालिम प्रदान गर्ने
- स्थानीय स्तरमा स्वच्छ माछाको आपुर्ति गरि कृषक परिवारको पोषण तत्वयुक्त खानामा बृद्धि ल्याउने

## समुहले गर्दै आएका कृयाकलापहरु (Activities carried out by the groups)

- सामुदायिक पोखरीहरुमा आधुनिक माछा पालन प्रविधिको अभ्यास
- सरकारका स्थानीय निकायहरु (जि.वि.स.,गा.वि.स., न.पा. आदि) बाट पोखरीहरु करारमा लिई महिला समुहले माछा पालन
- समुहका सदस्यहरु वीच बचत, सापटी, र ऋण सम्बन्धि आर्थिक कारोवार संचालन
- समुहमा आइपर्ने समस्याको समाधानको लागि हरेक महिनाको एक पटक बैठक बस्ने र
- सामाजिक कार्यहरुमा संलग्नता जस्तै : स्थानीय क्लव, विद्यालय र विवाह समारोहमा आदीमा सहयोग गर्ने ।

## समुहका लागि सहयोगी कार्यक्रमहरु

सन् १९९७ जुलाई देखि मार्च १९९९ सम्म विश्व खाद्य तथा कृषि संगठन (FAO) ले नेपालमा खाद्य सुरक्षा को लागि खाद्यान्न उत्पादन विषयक कार्यक्रम (SPIN-SPEP/NEP 4501) अन्तर्गत रहेर नवलपरासीको माछा विकासको लागि माछा पालक महिला समुहलाई आर्थिक सहयोग प्रदान गऱ्यो । यस विशेष कार्यक्रममा मत्स्य प्रसार कार्यकर्ताहरुले नयाँ महिला समुह गठनमा सहयोग गर्नुका साथै उनीहरुकै सामुदायिक पोखरीहरुमा आधुनिक ढंगले माछा पालन गर्न अभिप्रेरित गरे । कार्यकर्ताले खास गरि माछा पालन सम्बन्धि अभ्यास र

सघन माछा पालनलाई विशेष जोड दिने उद्देश्यले महिलाहरुलाई माछा पालन कार्यक्षेत्रमै तालिम संचालन पनि गरे । तिनीहरुले अध्ययन भ्रमणको आयोजना गरि महिला समुहहरुलाई विभिन्न सरकारी र व्यक्तिगत माछा पोखरीहरुका बारेमा जानकारी गराए र कार्यक्रमको पहिलो वर्षमा माछाका भुरा, दाना, मल र चुन आदी उत्पादनका पुर्वाधारका रुपमा समुहहरुलाई वितरण गरे । यस प्रकारको सहयोगबाट लाभान्वित भई १३ वटा महिला समुहरुले रु. ५००० देखि रु. ८००० सम्मको रकम पोखरी जिर्णोद्धार र माछा पालनको लागि आवश्यक सामाग्रीहरु जस्तै : साइकल, जोख्ने तुलो, प्लास्टिकका बाल्टिन र मगहरुको खरिदका लागि जम्मा गरे ।

संयुक्त राष्ट्र संघीय खाद्य तथा कृषि संगठन (F.A.O) र श्री ५ को सरकार कृषि तथा सहकारी मन्त्रालयको महिला कृषक विकास महाशाखाले संयुक्त रुपमा एफ.ए.ओ. टेली खाद्य कार्यक्रम अन्तर्गत रहेर मन्झारियाको जनज्योति माछा समुहलाई आय आर्जन कार्यक्रमको शुरुवात गऱ्यो । यस कार्यक्रम अन्तर्गत नवलपरासी जिल्ला कृषि विकास कार्यालयले केन्द्रिय खाद्य प्रयोगशाला काठमाडौंको प्राविधिक सहयोगमा एउटा माछा सुकाउने मेशिनको स्थापना गऱ्यो । सन् १९९९ को अन्तमा स्थापन गरिएको उक्त मेशिनले जनवरी २००० देखि नै सुकेका माछा उत्पादन शुरु गऱ्यो भने अप्रिल २००० मा यो मेशिन महिला समुहहरुलाई हस्तान्तरण गरियो ।

## प्रभाव (Impact)

### प्रगतिका अवसरहरु (Opportunities for Progress)

नवलपरासी जिल्लाका गरिव र पिछडिएका ग्रामिण समुदायको उत्थान र महिला शसक्तिकरणको लागि माछा पालन एक महत्वपूर्ण साधन सिद्ध भएको छ । महिला समुहहरुले प्राप्त गरेका प्राविधिक तालिम, आर्थिक सहयोग, सामुहिक श्रम उत्प्रेरणाले गर्दा सिमित श्रोत साधनमा पनि उनीहरुले समुदायमा पोषणयुक्त खानाको स्तरलाई निकै माथि उठाएका छन् । यसबाहेक माछा पालन व्यबसायबाट प्राप्त आय उनीहरुले आफ्नै समुदायका कुनै नयां कार्यक्रमका लागि वा समुहकै सदस्यहरुलाई ऋणको रुपमा प्रवाह गरेका छन् । महिला किसानहरुका लागि समानताका आधारमा अगाडी बढ्ने ढोका खुलेको छ । हाल तिनीहरु नयाँ सीपहरु सिक्दैछन् र संसारका नयां-नयां विचार र अनुभवहरुसंग परिचित हुंदैछन् जुन विषयमा अन्य क्षेत्रका अधिकांश महिलाहरु अनविज्ञ छन् ।

### महिला योगदान (Woman Contribution)



महिलाहरुको सक्रिय सहभागिताले माछा पालन महिला समुहका सदस्यहरुको आर्थिक र सामाजिक अवस्थामा प्रत्यक्ष परिवर्तन ल्याएको छ । उनीहरु आफ्नो बलियो नेतृत्व क्षमता प्रदर्शन गर्न थाल्नुका साथै विभिन्न सरकारी र गैह्र सरकारी संस्थाहरुसंग एउटा नाफा उन्मुख संस्थाको हैसियतले कुरा गर्न सक्ने भएका छन् । महिलाहरु आफ्नो गाउंको एक प्रतिष्ठित नेताको रुपमा परिचित हुंदैछन् । २७ गाउंका ६०० भन्दा बढी सदस्यहरु जुन अझै बढ्ने क्रममा छन्, यस्ता महिलाहरुले पछिसम्म आफ्ना समुदाय परिवार र स्वयं आफैलाई पनि वृहत् अर्थपूर्ण योगदान दिन सक्नेछन् ।

## जिविकोपार्जन र पोषण

समुहहरु माछा व्यवसायबाट आय आर्जन गरी बचत बृद्धि गर्दै आर्थिक रुपमा सवल हुंदैछन् । उनीहरु माछा पालनमा पुनः लगानी गर्न र समुहका सदस्यहरुलाई ऋण प्रदान गर्न सक्षम छन् । सन् १९९८ मा कुल १२ समुहहरुले १.७ टन माछा उत्पादन गरि रु. १०५,५०० आम्दानी गर्न सफल भए । त्यस्तै सन् २००० को शुरुमा कुल २८ वटा समुहहरुले ६.७ हेक्टर जमिनमा ६.७ टन माछा उत्पादन गरि रु. ४०१,४०५ आम्दानी गरे । मेशिन स्थापनाको पहिलो वर्षमा मेशिनले ११५ के.जी. सुकेको माछा तयार गऱ्यो र यसलाई प्रतिकिलो रु. ५०० मा बेच्दा रु. ५७,५०० आम्दानी भयो । उनीहरुले उत्पादन गरेका माछाकै कारण समुहका सदस्य र उनीहरुको परिवारको पोषणयुक्त खानाको मात्रामा वृद्धि भएको छ । गाउँलेहरुको उपभोगको लागि पनि ताजा माछा सजिलै उपलव्ध भएको छ ।

## ज्ञानको प्रयोग

अध्ययन भ्रमण र कार्यक्षेत्रमै प्राप्त भएको तालिमले समुहका सदस्यहरुको माछा पालन सम्बन्धि ज्ञानमा निकै वृद्धि भएको छ । समुहहरुले आफ्ना सदस्यहरुका लागि साक्षरता कक्षाहरु पनि चलाएका छन् जसबाट उनीहरुलाई संसारकै खेती सम्बन्धि लिखित ज्ञान प्राप्त हुनेछ । महिलाहरुले आफ्ना नानीहरुलाई राम्रो शिक्षाको लागि अंग्रेजी माध्यमका विद्यालयहरुमा पठाउंदै छन् । तिनीहरु आधुनिक माछा पालनका लागि तालिम प्राप्त छन् महिलाहरुले भविष्यमा स्थानीय स्तरमा पर्याप्त माछा उत्पादन गर्नेछन् । गाउँका सामुदायिक पोखरीहरु राम्रोसंग उपयोग भएका छन् । महिलाहरु हाल सघन माछा पालनमा आकर्षित छन् । जिल्ला कृषि विकास कार्यालय नवलपरासीले यस्ता महिला समुहहरुलाई लगातार रुपमा प्राविधिक सहयोग गरिरहेको छ जुन लामो समयसम्म दिगो रुपमा स्थानीय खाद्य सुरक्षाको लागि पनि भरपर्दो सावित हुन सकोस् ।

# सुक्ष्म विरुवामा आधारित मत्स्य पालन
# श्रोतमा गरिव किसानको लागि एउटा दिगो प्रविधि

एम ई अजिम, एम ए वाहव, एम सि जे भेरडेजेम, ए ए भान डाम र एम सि एम वेभिरिज

## भूमिका

खान, आम्दानी गर्न र रोजगारी सृर्जना गर्न गरिएको सानो स्तरको ग्रामिण मत्स्यपालनले गरिवी निवारणमा पनि निकै महत्वपूर्ण योगदान पुऱ्याउन सक्दछ । दाना दिएर माछापालन गर्दा उत्पादन निकै बढ्ने भएतापनि धेरै कृषकहरुले यसलाई धान्न सक्दैनन् । दाना खुवाएर माछा पाल्न त्यति फलदायक पनि छैन किनभने दिएको दानाको केवल १५–३० प्रतिशत पोषकतत्व मात्र उत्पादनमा परिवर्तन हुन्छ । सुक्ष्म विरुवामा आधारित मत्स्यपालन दाना खुवाएर पालिने माछा पालनको विकल्प र पोषणलाई उत्पादनमा परिवर्तन गर्न मद्दत गर्ने हुन्छ । स्थानिय स्तरमा पाइने वस्तुहरु रुखका हांगाहरु, वांस, वांसका हांगा पानीमा हुर्कने ठुला विरुवाहरु, जुटको डांठ इत्यादि, लाई पोखरीमा राखी दिंदा यिनका वरिपरि सुक्ष्म विरुवा हुर्कन्छन् । तिनीहरुलाई हामी सुक्ष्म विरुवा ( पेरिफाइटोन ) भन्दछौं । माछाहरुले दानाको तुलनामा यि सुक्ष्म विरुवाहरुलाई राम्रोसंग खान्छन् (डेम्पस्यर र अन्य १९९३) । यहाँ हामीले युरोपियन कमिशनको लगानीमा वंगलादेश कृषि विश्वविद्यालयले, मेमिनसिंहमा संचालन गरेको सुक्ष्म विरुवामा आधारित अनुसन्धान परिक्षणको नतिजालाई उल्लेख गरेका छौं ।

## मत्स्य उत्पादनमा सुक्ष्म विरुवाको असर

मत्स्य उत्पादनमा सुक्ष्म विरुवाको असर अध्ययन गर्न पांचवटा पोखरीमा वांसका  खम्वाहरु गाडिएको र पांचवटा अन्य पोखरीमा पानीभित्र केही पनि राखिएन र ती पोखरीहरुमा हरेक दुई हप्तामा अलि अलि कुहिएको गोवरमल, युरिया र ट्रिपल सुपरफोस्फेट (टिएसपी) क्रमशः ४५००, १५०, र १५० के.जी. प्रति हेक्टर रुपमा राखिएको थियो । वाँसका खम्वाहरुलाई प्रति वर्गमिटर ९ वटा हुने गरि ठाडो रुपमा पोखरीभरि गाडिएको थियो । रहु माछालाई प्रति हेक्टर १०,००० संख्यामा छाडिएको थियो । यस अध्ययनमा नियन्त्रित पोखरीको तुलनामा वाँसको खम्वा गाडिएको पोखरीको माछा उत्पादन ७७ % वृद्धि भएको पाइयो । कत्ला माछा र रहु माछालाई पोखरीमा राखेर हेर्दा यसमा झन उत्पादन बढेको पाइयो ।



भुरा छाड्ने अनुपात ६०% रहु र ४०% भाकुर राख्नु सवभन्दा राम्रो पाइयो र नियन्त्रित पोखरीको तुलनामा सुक्ष्म विरुवा उत्पादन गरिएको पोखरीको माछा उत्पादन १८०% सम्म बढि पाइयो । सुक्ष्म विरुवा ( पेरिफाइटोन) उत्पादन गरिएको पोखरीमा रहु :भाकुर:कालवाउसलाई ६०:४०:१५ को रुपमा राखी मिश्रित माछा पालन गर्दा ९० दिनमा जम्मा उत्पादन २३०६ के.जी. प्रति हेक्टर पाइयो । यो उत्पादन वंगलादेशको वार्षिक औसत उत्पादन २५५० के.जी. प्रति हेक्टरको तुलनामा २.७ गुणा बढी रहेको पाइयो । तर यो नतिजा

कृषकको पोखरीमा लागु हुन्छ भन्न नसकिएतापनि यस प्रविधिले मत्स्य उत्पादन गर्न सकिने क्षमतालाई प्रदर्शित गरेको छ ।

## सुक्ष्म विरुवा प्रणालीमा मत्स्य उत्पादन वृद्धि हुने प्रकृया

सुक्ष्म विरुवा (पेरिफाइटोन) ले पोखरीको अरु प्राकृतिक खाद्य प्रणालीमा असर नपुऱ्याई थप खानाको काम गर्दछ । पोखरीको १०० प्रतिशत क्षेत्रमा नै सव्सट्रेटहरु (वांस,विरुवाका हांगा) राख्नाले पोखरीको उत्पादकत्वलाई दोब्बर गर्न सकिन्छ । सव्सट्रेटहरुले माछालाई लुक्ने ठाउं उपलब्ध गराउने हुनाले माछाका शत्रुहरुबाट पनि वचावट गर्दछ । यसरी वांसका खम्वा, विरुवाका डांठ, हांगा आदिमा उम्रने सुक्ष्म विरुवाको खाद्य गुण धेरै नै उच्च  रहेको छ । यसलाई सुख्खा तत्वको रुपमा विश्लेषण गर्दा लवण १५–१९% प्रोटिन २३–२६% र शक्ति १९–२० के.जे. प्रति ग्राम पाइएको छ । सुक्ष्म विरुवा उत्पादन प्रणालीमा, यसले तैरिरहेका ठोसलाई एक ठाउंमा एकत्रित गर्ने, नाइट्रिफिकेसन गर्ने र अक्सिजन उत्पादन गर्ने भएकोले पोखरीको पानीको गुणस्तर पनि सुधार हुन्छ । यसका साथै के पनि प्रमाणित भएको छ भने माछाले सुक्ष्म विरुवा खाएर पचाउँदा यसले एन्टीवायोटिकको काम गर्दछ (अजाद र अरु १९९९) । रहुले सुक्ष्म विरुवा (लेउ) खाने र भाकुरले पोखरीको माथिल्लो तहका प्राणीजन्य जीवाणु खाने भएकाले त्यहां खानाको प्रतिस्पर्धा थोरै मात्र हुन्छ । तर वनस्पति जन्य जीवाणु बढी खानाले पोखरीको तल्लो सतहसम्म सूर्यको प्रकाश पुग्छ र सुक्ष्म विरुवा र वनस्पतिजन्य जीवाणुहरुको उत्पादन अझ बढ्न जान्छ । कालवाउस माछाले पोखरीको तल्लो सतहलाई चलाइ रहनाले पिंधमा भएको पोषक पोखरीको माथिल्लो सतहमा आउँछ । यसरी पेरिफाइटोन (सुक्ष्म विरुवा) प्रणालीमा मत्स्य उत्पादन बढन जान्छ ।

## सामाजिक आर्थिक प्रभाव

दिनदिनै घरको लागि माछा मार्नु पर्ने र आंशिक रुपमा माछा उत्पादन लिनलाई यो सुक्ष्म विरुवा उत्पादन प्रणाली (सव्सट्रेट) ले असर गर्दछ । तर माछाको उत्पादन बढाउने यो तरिका दक्षिण एशियामा उपयोग गर्न सकिने र दिगो हुने पनि रहेको छ । यसको कारणमा यो प्रविधि सजिलो र स्थानिय स्तरमा प्राप्त हुने सामाग्रीहरु र श्रममा आधारित रहेको छ । तर गरिव परिवारले भने यसलाई उपयोग गर्न केहि समस्या आउन सक्छ यसको कारणमा यसमा सव्सट्रेट र मलको अधिकतम उपयोग गर्नुपर्छ । धेरै मात्रामा मल युरिया र फोसफोरस राख्नुपर्ने भएकोले गरीव कृषकहरुलाई यो प्रविधि अपनाउन सल्लाह दिनुभन्दा पहिले यसको आर्थिक पक्षलाई सोच्नु आवश्यक हुन्छ । यसको सवल पक्ष के रहेको छ भने यो प्रविधिमा बढी लचकता ( flexible) रहेको छ जसले गर्दा आवश्यकता, क्षमता र श्रोतहरुको प्रयोगको अवस्था हेरेर यसलाई उपयोग गर्न सकिन्छ ।

गरिव जनतालाई फाइदा हुनाको अतिरिक्त उत्पादन बढ्ने भएकोले व्यवसायिक मत्स्य पालकलाई पनि यसले आकर्षित गर्न सक्दछ । वृहत रुपमा यो प्रविधिको ग्रहण गर्नाले यसको प्रभावलाई राम्रोसंग देख्न सकिन्छ । सव्सट्रेट सामाग्रीहरुको मागमा वृद्धि भएमा त्यसको मुल्यमा पनि वृद्धि हुने र यसले ती सामाग्रीको उत्पादन र आपूर्ति गर्नमा रोजगारी सृर्जना हुन्छ । सव्सट्रेटको रुपमा प्रयोग गर्न सकिने कृषि उप–उत्पादनहरुको महत्व बढ्न जान्छ । जस्तै जुटको डँाठ यो रेशा उत्पादनको उप–उत्पादन हो । "वंगलादेशको सुनौला रेशा" भनिने जुट रेशा कृत्रिम रेशाहरुसंगको प्रतिस्पर्धा दुई दशक अघि देखि नै पछाडि परिरहेको छ । यदि जुटको डाँठलाई सुक्ष्म विरुवा उत्पादनको साधनको (सव्सट्रेट) रुपमा मत्स्यपालनमा उपयोग गर्न सकेमा सुनौला रेशाले फेरि आफ्नो महत्व दर्शाउन पाउँछ ।

## सन्दर्भ सामाग्री

एकोष्टा– नासर एम भि , मोरल जे एम र कोरेडर जे.ई १९९४, गरम क्षेत्रको स्वच्छ पानीमा अर्धसघन रुपमा माछा पालिएको पोखरीमा नाइट्रोजनको वजेट, विश्व जलचर समाज जर्नल, २५(२) २६१–२७०

# इन्टरनेटको सूचना जानकारीको साँचो उघार्ने
# स्ट्रिम माध्यम अनुगमन र मुद्धा पहिचान

पाउल वुलकक*

## इन्टरनेट र जलचर श्रोत व्यवस्थापन मुद्धाहरु

जलचर श्रोतहरु व्यवस्थापन सहित धेरै विषयहरुमा डिजिटल र छापिएका जानकारीहरु, सूचनाहरु इन्टरनेटमा पाउन सकिन्छ । यसभन्दा पहिलेको स्ट्रिम जर्नल नम्वर १ मा उल्लेख भएको प्रयोग  कर्ताहरुको हातमा ज्ञानलाई पुऱ्याउने कला नयाँ जानकारीहरु र संचार प्रविधिमा भएको तिव्र विकासले गर्दा तिव्र गतिमा विकसित भैरहेको छ (राव र उड २००२) । इन्टरनेटका विभिन्न साइटहरु, सिडी रोमहरु र वृहत श्रेणीबद्ध डिजिटल डाटावेसहरु ज्ञान संकलनका सामाग्रीहरु हुन् । तर धेरैको लागि इन्टरनेट र ठुलो अंशमा प्राप्त जानकारीहरु सम्मको पहुच सरल छैन यसको कारणमा उपयुक्त जानकारी भएको वेवसाइट पत्ता लगाउन, छनोट गर्न, आफूलाई उपयुक्त जानकारी लिन र प्रयोग गर्न वढी समय लाग्नु रहेको छ ।

स्ट्रिमको नेतृत्वदायी गतिविधिहरु मध्ये सूचना जानकारी संकलन गर्नु, जांच्नु र यसका सरोकारवालाहरु सम्म सिकाई र संचार माध्यमका सुविधाहरुद्धारा पुऱ्याउने रहेको छ । एउटा प्रक्रिया जसलाई हामी संचार माध्यम अनुगमन र मुद्धा पहिचान भन्दछौं, शुरु गरेका छौं र यसको उद्देश्य पत्रिकाहरु, जर्नलहरु र रिपोर्टहरुमा स्थानीय पाठकहरुलाई लक्षित गरि रिपोटिङ्ग गरिएका मुद्धाहरुको अनुसरण गर्नु रहेको छ । जनता, मत्स्यपालन जस्ता विषयहरुलाई छोटो र प्रष्ट रिर्पोटको रुपमा प्राप्य बनाउनु स्ट्रिमको ध्येय रहेको छ र यि रिपोर्ट मध्ये धेरैलाई स्ट्रिमका राष्ट्रिय संचार हवहरुले स्थानीय भाषामा रुपान्तरण गर्दछन् ।

## मुख्य क्षेत्रहरु

विश्वभरिका पत्रपत्रिका र पुस्तिका जस्ता संचार माध्यमलाई डिजिटल डाटावेसको सहयोगले स्ट्रिमले हप्ता हप्तामा अनुगमन गरि तल कोठा भित्र देखाएका जस्ता मुद्धाहरुको पहिचान गर्ने कार्य गर्दछ ।

संचार माध्यम अनुगमन मुद्धा पहिचानका मुख्य क्षेत्रहरु

- जलचर र विकास
- तटिय समुदाय
- सम्मेलनहरु
- द्वन्द र अशान्ति
- स्वास्थ्य  र पोषण
- गरिवी र जलचर श्रोतहरु
- क्षेत्रिय सहयोग
- लैङ्गिक
- कानुनी प्रक्रिया
- जीवीकोपार्जन
- ऋयविऋय र व्यापार चिन्ह
- वजार
- पहाडी जलचर
- व्यापार अवरोधहरु

इच्छुक सरोकारवालाहरुलाई स्ट्रिमले पहिचान गरिएका मुद्धाहरुको विस्तृत र नविनतम मासिक प्रतिवेदन तयार गरी उपलव्ध गराउँछ । यो रिपोर्ट डाउनलोड गर्न मिल्ने अवस्थामा स्ट्रिमको वेवसाइटमा प्राप्त हुन्छ साथै एउटा छोटो इमेल वुलेटिनको रुपमा पनि प्राप्त गर्न सकिन्छ । कसैले हामीलाई अनुरोध गरेमा एउटा छापिएको प्रति संचार हवहरुले उपलव्ध गराई दिनेछन् ।

कहिलेकाहिं संचार माध्यममा विशेष महत्व पाएका मुद्धाहरुको विशेष प्रतिवेदन पनि तयार गर्न सकिन्छ ।

* पाउल वुलकक, अनुसन्धान सहायक, स्ट्रिम, इमेल paul.bulcock@enaca.org

सबै प्रतिवेदनहरु स्ट्रिमको वेवसाइट भित्र राखिन्छन् । स्ट्रिमका सहयोगीहरु जसलाई यि जानकारीहरु आवश्यकता पर्दछ उनीहरुले राष्ट्रिय संचार केन्द्रहरु वा स्ट्रिमको क्षेत्रीय कार्यालयसंग अनुरोध गरेर आफ्नो इच्छित विषयको सारांश प्राप्त गर्न सक्दछन् । कतिपय अवस्थामा स्थानीय भाषामा पनि उपलव्ध गराउन सकिन्छ ।

## हालसालैका मुद्धाहरुको उदाहरणहरु

स्ट्रिमको संचार माध्यम अनुगमन प्रक्रियाले हजारौं छोटा लेखहरुलाई दर्शाउन सकेको छ जुन स्ट्रिममा उपलव्ध छ र करीव १०० वटा चाहिं संचार माध्यम अनुगमन प्रतिवेदनको रुपमा उपलव्ध छ । उदाहरणको रुपमा जुन २००२ को संचार माध्यम अनुगमन प्रतिवेदनका दुई अंश तल प्रस्तुत गरिएको छ ।

## कम्वोडियाको लागि इ.यु. सहयोग कार्यक्रम


हालै युरोपियन कमिसन (इ.यु.) ले आफ्नो नयाँ तिन वर्षे विकास सहयोग कार्यक्रम अन्तर्गत कम्वोडियाको ग्रामिण क्षेत्रको विकासको लागि ६.८७ करोड युरो (६.२ करोड अमेरिकी डलर) उपलव्ध गराउने घोषणा गरेको छ । यो रकम पशुपालन मत्स्यपालन, जलव्यवस्थापन, वाली विविधिकरण, व्यावसायिक तालिम र विस्फोटक पदार्थ हटाउने आयोजनामा खर्च गरिनेछ ।

## भियतनाम र युएस क्याटफिस उत्पादन

भियतनामी र अमेरिकी क्याटफिस उत्पादकहरुको वीचमा भैरहेको व्यापारिक विवादले जलचर र मत्स्य कानुनी शिर्षकहरुमा प्रमुखता पाइरहेको छ । फार्म सुरक्षा र ग्रामिण लगानी ऐन २००२ पारित भएपछि एशियन देशहरुबाट क्याटफिस आयात गर्ने अमेरिकीहरुले आफूले आयात गरेका उत्पादनलाई (वासा,पानगास वोकोउरटी) क्याटफिस हो भनेर भन्न सकेका छैनन् । ऐनमा भएको नयाँ परिभाषाले दक्षिणपूर्वी युएस मत्स्य फार्मका जलमार्गमा पालिएका क्याटफिसको तुलनामा पोखरीमा पालिएका क्याटफिसको प्रयोगलाई रोकेको छ । यसले गर्दा भियतनामा उत्पादन गरिएका माछा,जुन अमेरिकी क्याटफिससंग मिल्दाजुल्दा छन् तर यिनीहरुलाई छुट्टै नाम दिइएको छ जस्तै वासा लाई अमेरिकामा विक्रि गर्न समस्या पैदा भएको छ र धेरैले यसलाई व्यापार संरक्षण नीति मानेका छन् यसले भियतनामी क्याटफिस उत्पादक कृषकहरुलाई असर गर्ने देखिन्छ ।

## इन्टरनेटमा पहुंच

हाल स्ट्रिमका धेरै सरोकारवालाहरुको इन्टरनेट सुविधा सम्म पहुंच नभएकोले स्ट्रिमका राष्ट्रिय संचार केन्द्रहरुले जिल्ला स्तरिय सहयोगीहरुलाई सहयोग पुऱ्याउंछन् र सूचना आदान प्रदान प्रक्रियामा सहभागी हुन्छन् जुन सूचना जानकारीहरुले जनतालाई प्रभावित पार्दछन् र तिनीहरुको विषयमा स्ट्रिमलाई जानकारी दिन सकिन्छ । संकलन गरिएका प्रतिवेदनहरुको खोजी कार्य सहयोगीहरुको चाहाना अनुसार गरिन्छ ।




## पढनु र पृष्ठपोषण गर्नु महत्वपूर्ण

स्ट्रिमको संचार माध्यम अनुगमन र मुद्धा पहिचान प्रक्रियाको प्रभावकारिता पाठकहरुले यी प्रतिवेदनहरुलाई अध्ययन गर्ने र कमि कमजोरी औंल्याई दिने कार्यमा निर्भर रहन्छ । मासिक प्रतिवेदन, इमेल वुलेटिन र विशेष

प्रतिवेदन वा आफ्नो इच्छाको विशेष शिर्षकको लेख प्राप्त गर्न चाहने स्ट्रिमका सहयोगीहरुले आफ्नो प्रतिक्रिया भएमा वा अन्य मुख्य क्षेत्रहरु वा विचारहरु भएमा स्ट्रिमसंग सम्पर्क गर्न अनुरोध गरिन्छ ।

सन्दर्भ सामाग्री

राव आर टि र उड्स, जुन २००२,जलचर श्रोतहरुको ज्ञान आदान प्रदानमा इ–सिकाईको सहयोग, स्ट्रिम जर्नल १(१),३,४.

बढी जानकारी र स्ट्रिमको संचार माध्यम अनुगमन र मुद्धा पहिचानको प्रतिवेदन प्राप्त गर्न पाउल वुलककसंग संपर्क गर्नहोस् वा http//www.streminitiative.org/k-3-2-2-1-4.html मा हेर्नुहुन वा राष्ट्रिय संचार केन्द्र व्यावस्थापकसंग सहयोगका लागि सम्पर्क गर्न सक्नुहुन्छ ।

# स्ट्रिम जर्नल वारे

प्रकाशितः स्ट्रिम -क्षेत्रीय जलचर श्रोतको व्यवस्थापनका लागि सहयोग
एशिया-प्यासेफिक नेटवर्क अफ एक्वाकल्चर सेन्टर ( नाका ) सचिवालय
सरस्वतीभवन
मत्स्य विभाग परिसर
केसेटसार्ट विश्वविद्यालय
लाड्यो जाटुनेक बैंकक १०९०३
थाइल्याण्ड

**सम्पादक मण्डल :**

ग्राम हेलर -स्ट्रिम निर्देशक
लि थान्ह ल्यू-स्ट्रिम राष्ट्रिय कोओर्डिनेटर, भियतनाम
विलियम स्याभेज - स्ट्रिम संचार विशेषज्ञ
थाय सिमोनी- स्ट्रिम राष्ट्रिय कोओर्डिनेटर, कम्वोडिया
सोनिअ सेभिल्ली - स्ट्रिम राष्ट्रिय कोओर्डिनेटर, फिलिपिन्स

**उद्देश्यः**

यो स्ट्रिम जर्नल जलचर श्रोतको उपयोग गरि आफनो जीवन पद्दति चलाइरहेका एशिया प्रशान्त क्षेत्रका गरीवहरुलाई प्रभावित गर्ने सहभागीता, संचार र नीतिहरुको प्रवर्द्धन गर्ने उद्देश्यले त्रैमासिक रुपमा प्रकाशित भैरहेको छ । यसको अर्को उद्देश्य यस क्षेत्रमा जलचर श्रोत व्यवस्थापन र अन्य क्षेत्र वीचमा अन्तर सम्बन्ध कायम गराउने हो । स्ट्रिम जर्नलले सिमित श्रोतहरु भएका विशेष गरि जलचर श्रोत व्यवस्थापनसंग जीवन पद्दति गाँसिएका जनतासंग सम्बन्धीत मुद्दाहरु रस मुदायमा कार्यरत सरकारी, गैह्रसरकारी र अन्तराष्ट्रिय कार्यकर्ताहरुसंग काम गर्ने मुद्दाहरुलाई समेटदछ । यस्ता मुद्दाहरुमा सिकाई, द्धन्द्ध व्यवस्थापन, कानुनी व्यवस्था, जीवन पद्दति, लैङ्गिक, सहभागिता, सरोकारवालाहरु र संचार रहेका छन् ।
यसको अर्को महत्वपूर्ण उद्देश्यमा शैक्षिक क्षेत्रमा उपयोगी सामाग्रीहरु जुन क्षेत्रगत विषय विशेषज्ञहरुद्वारा तयार गरिएका हुन्छन्, लाई समेटनु पनि हो । यसले कुनै संघ संस्थाको अवधारणलाई भन्दा व्यक्तिगत अनुभवमा तयार गरिएका धारणाहरुलाई प्राथमिकता दिई समेटदछ । यसमा छापिने लेखहरुको विषय बस्तुको जिम्मेवारी लेखकको भए पनि त्यसमा सम्पादक समूहले केही हेरफेर र सुधार गर्न सक्दछ ।

**वितरणः**

स्ट्रिम जर्नल तिन रुपमा पाठकहरु समक्ष पुग्दछ :
१. इलेक्ट्रोनिक रुपमा जसलाई स्ट्रिमका संचार केन्द्रहरुले छपाई गरि वितरण गर्न सक्छन्
२. स्ट्रिम वेवसाइट www.streaminitiative.org बाट डाउनलोड गरि हेर्न सकिने
३. छापिएको अवस्थामा नाकाको सचिवालयबाट वितरण गरिने

**योगदान :**

जलचर श्रोतहरुको उपयोग कर्ता र उनीहरुसंग काम गर्नेहरुले आ-आफना लेखहरु पठाएर यस जर्नलमा योगदान गर्न सक्नु हुन्छ । त्यसै गरि समुदायमा कार्यरत समकक्षी संघ संस्थाका साथीहरुलाई पनि आ-आफना लेखहरु पठाई सहयोग र योगदान गर्नु हुन अनुरोध गरिन्छ ।
लेखहरु साधारण अग्रेजी भाषामा एक हजार शब्दमा नबढाई लेखिएको हुनु पर्दछ ।
लेखहरु यस जर्नलका सम्पादक विलियम साभेजलाई इमेल savage@loxinfo.co.th मा पठाउन सकिन्छ ।

**बढी जानकारीका लागि सम्पर्क :**

ग्राम हेलर ( Graham Haylor) -स्ट्रिम निर्देशक
इमेल : ghaylor@loxinfo.co.th

# स्ट्रिम वारे

क्षेत्रीय जलचर श्रोतहरुको व्यवस्थापनमा सहयोग (स्ट्रिम)को नेतृत्वदायी कार्यको प्रारम्भ जलचर श्रोतहरुको संजाल केन्द्र, एशिया प्रशान्त क्षेत्रको निश्चित पाँच बर्षे कार्यक्रम चक्र भित्र रही कार्य गर्ने गरि गरिएको हो ।यसका मुख्य उद्देश्यहरु जलचर क्षेत्रमा कार्यरत विभिन्न संघ संस्थाहरुलाई निम्न कार्यहरुमा सहयोग पुऱ्याउनु हो ।

- भैरहेका र प्राप्त हुने सूचनाहरुको बढी शशक्त रुपमा उपयोग गर्न
- गरीव जनताको जीवन निवार्ह पद्दतिलाई राम्रोसंग बुझ्न र
- गरीव जनतालाई उनीहरुको जीवन निवार्ह पद्दतिमा प्रभाव पार्ने नीति र बिकास प्रक्रियाहरुमा बढी सहभागी हुनु र प्रभाव पार्न सहयोग पुऱ्याउन

नीति र प्रक्रिया बिकासमा संलग्न संस्थाहरुलाई सहयोग र उनीहरुको निम्न कार्य गर्न क्षमता अभिबृद्धि गरि स्ट्रिमले यी माथिका उद्देश्यहरु पूर्ति गर्दछ ।

- गरीव जनताको जीवन पद्दतिमा प्रभाव पार्ने जलचर श्रोतहरुको व्यवस्थापनका मुद्दाहरु पहिचान गर्न
- विभिन्न व्यवस्थापन पद्दतिहरुको अनुगमन र मुल्यांकन गर्न
- सूचना र जानकारीहरु बढाउन र
- सोही क्षेत्र र अन्तर क्षेत्र र देशहरु वीच सूचना संजालको निमार्ण गर्न

नाका (*NACA*)लाई सहयोग गरिरहेका विभिन्न सहयोगी (AusAID, DFID, FAO, VSO) हरुको सहयोगमा नै स्ट्रिमको गतिविधिहरु संचालित भैरहेका छन् ।यसले अपनाएको पद्दतिमा जलचर श्रोतहरुको व्यवस्थापनमा संलग्न सरोकारवालाहरु वीचमा सम्बन्ध कायम गराउने र उनीहरुलाई स्ट्रिमले चाहे जस्तो कार्य तर्जुमा, कार्यान्वियन र व्यवस्थापनमा गर्नमा सहयोग अभिबृद्धि गर्ने रहेकोछ ।

स्ट्रिमले कार्य गरेका देशहरुमा साझेदारहरुको कार्यको समन्वय राष्ट्रिय समन्वय दल, जसमा त्यहाँको सरकारले स्विकार गरेका एक जना सिनियर अफिसर राष्ट्रिय समन्वय कर्ता र संचार केन्द्र व्यवस्थापक हुन्छन्, ले गर्दछ र यसले स्थानीय सरोकारवालाहरुसंग पनि सम्बन्ध कायम गर्दछ । संचार केन्द्रका लागि आवश्यक सामाग्रीहरु, सफटवायर, तालिम सूचना प्रविधि सहयोग, संजाल निमार्ण, मानवीय संसाधन विकास र इन्टरनेटमा आधारित क्षेत्रीय संजाल भित्रका राष्ट्रिय सरोकारवालाहरुसंग अन्तरसम्बनध कायम गर्न सहयोग गरिन्छ ।

राष्ट्रिय समन्वय दलले हरेक वर्ष राष्ट्रिय सरोकारवालाहरुसंग परामर्श गरि तयार गरेको राष्ट्रिय रणनीति पत्रको पुर्नः मुल्यांकन गर्दछ र आवश्यक परिमार्जन गर्दछ । राष्ट्रिय रणनीति पत्रले मुख्य मुद्दाहरु पहिचान गर्ने, क्षेत्रीय सम्बन्धलाई प्रकाश पार्ने, उद्देश्यहरु र मुख्य गतिविधिहरुमा प्राथमिकता दिने र स्ट्रिम र वाहृय श्रोतहरुबाट कोष जुटाउने कार्यमा सहयोग गर्दछ ।

स्ट्रिमको क्षेत्रीय कार्यालय, जुन नाकाको सचिवालय बैंककमा रहेको छ, ले क्षेत्रीय समन्वयको काम गर्दछ । यसका साथै कोष व्यवस्थापन र जीवन पद्दति, नीति निमार्ण, संचार र अन्य विशेष मुद्दाहरु वारे एक आपसमा अध्ययन र व्यवस्थापन गर्दछ । संचारले अन्तरक्रिया, अनुभवबाट सिकाई र साझेदारहरुका गतिविधि सम्बन्धमा सम्पर्क कायम गराउदछ ।

स्ट्रिमको कार्यान्वियन चाही गर्दै सिक्दै गर्ने प्रक्रिया अन्तरगत प्रथम चरणमा कम्वोडिया र भियतनाममा लागु गरिएको छ । यसको विस्तार चाँही गरीवी निवारण लागि कार्य गर्न सकिने उपयुक्त अवस्था भएका एशिया-प्रशान्त क्षेत्रका देशहरुमा गरिन्छ । ती क्षेत्रमा हासिल हुने अनुभव, सिकिने पाठ, प्रभावको प्रदर्शन र थप कोषको व्यवस्था अनुसार सुशासनलाई प्रोत्साहन हुने गरि कार्य गरिने छ । स्ट्रिमको संचार रणनीतिको उद्देश्य वर्तमान ज्ञान र विशेषज्ञताको परिवर्तित प्रक्रिया अनुसार क्षेत्रीय स्तरमा आदन प्रदान गराउने, अनुभवहरु साटासाट गर्ने र एशिया प्रशान्त क्षेत्रमा यसका प्रभावलाई विस्तार गर्ने रहेको छ । स्ट्रिम जर्नल र वेबसाइटमा भएको छलफल मञ्च नै यो रणनीतिलाई सहयोग गर्ने मुख्य अंग हुन् ।


स्ट्रिम राष्ट्रिय संचार केन्द्र व्यवस्थापकहरु

कम्वोडिया- सिम भिन्याक, व्यवस्थापक ( cfdo@camnet.com.kh)

भियतनाम - ट्रान नगोक माई, व्यवस्थापक (अस्थायी) (STREAMSAPA@vnn.hn.vn)

फिलिपिन्स - इरविन पाडोर (streamstaff-phil@skyinet.net)